बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

भैंसेपाटी, ललितपुर, नेपाल

प.सं.- ०८२/०८३

च.नं.-

मितिः २०८२।८।५

ने.सं. ११४६,कछलागा पारु

## सुचना

चालु आ.व.२०८२।८३ मा यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तगर्त जिल्ला सेवा केन्द्र/ सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) का लागि सहयोग कार्यक्रम रहेकोले (सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापना निर्देशिका, २०७८ बमोजिम" जिल्ला सेवा केन्द्र/ सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) ले देहायको कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिनभित्र (२०८२ मङ्सीर १९ गते सम्म कार्यालय समय भित्र) यस कार्यालयमा प्रस्ताव सहित आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

पेश गर्नु पर्ने कागजातहरु

| कार्यक्रम को नाम | संघ संस्थाले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| जिल्ला सेवा केन्द्र/ सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) का लागि सहयोग कार्यक्रम | १.कार्यविधिको अनुसूचि १ बमोजिमको अनुदान कार्यकमको प्रस्तावपत्र<br>२. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र नविकरण सहितको , करचुक्ता, करछुट र स्थायी लेखा नं.(PAN NO.),अघिल्लो आ.ब.को लेखापरिक्षण प्रतिवेदन, समाजकल्याणमा आवद्धता स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रका प्रतिलिपी<br>३.संस्थाको विधान, संस्थाको संक्षिप्त प्रोफाईल<br>४. संचालक समितिको निर्णय,संचालक समितिको नामनामेशी विवरण (संम्पर्क नं.सहित)<br>५. संस्थाको अनुभव, संस्था गरेका मुख्य कार्यहरुको विवरण<br>६. जिल्ला सम्वन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र एकीन गर्नु पर्ने<br>७. चालु आ.ब.मा अन्य निकायबाट उल्लिखत शिर्षकमा अनुदानमा बजेट स्वीकृत नभएको व्यहोरा संबन्धित स्थानीय तहको सिफारिस। |

**कार्यक्रम प्रस्ताब पत्र तयार तथा पेश गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदाहरुः**

- कार्यक्रम प्रस्ताब गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नु पर्ने
- प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्यता तथा अपेक्षित प्रतिफल बीचमा सहसम्बन्ध हुनु पर्ने
- संस्था भौतिक पूर्वाधार विवरण सम्वन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख भएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने
- प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसंगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको पत्र,
- बागमती प्रदेश सरकारको स्वीकृत खर्चको मापदण्ड बमोजिम कार्यक्रम खर्चको प्रस्ताब गर्नु पर्नेछ।
- म्याद नाघी पेश हुन आएको प्रस्तावपत्र उपर कुनै कार्यवाही हुने छैन, साथै चालु आ.ब.मा सामाजिक विकास मन्त्रालय तथा यस कार्यालयको बार्षिक कार्यक्रममा बजेट व्यवस्था भईसकेका संस्थाले कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्न पाउने छैन ।

नि.कार्यालय प्रमुख

E-mail:-sdolalitpur2081@gmail.com